# नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३


पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२/०७९/८० मिति: २०७९/०४/१८

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

(डा.गुणाकर भट्ट)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
(९)श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(१०)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर।
(११)श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।

# इजाजतपत्रप्राप्त क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा

<table>
<tr><th></th><th><u>विद्यमान निर्देशन</u></th><th><u>संशोधित/थप निर्देशन</u></th></tr>
<tr>
<td>१. इ.प्रा .निर्देशन नं. १ को बुँदा नं. १मा संशोधन गर्ने ।</td>
<td>
१. कायम गर्नु पर्ने न्यूनतम पुँजीकोष<br>
इजाजतपत्रप्राप्त संस्थाले देहायबमोजिमको व्यवस्थानुसार न्यूनतम पुँजीकोष अनुपात कायम गर्नु पर्नेछ ।
<table>
<tr><th>संस्था</th><th>न्यूनतम प्राथमिक पुँजी तथा पुँजीकोष कायम गर्नु पर्ने व्यवस्था</th></tr>
<tr><td>“क” वर्ग</td><td>Capital Adequacy Framework, 2015 बमोजिम</td></tr>
<tr><td>“ख”* र “ग” वर्ग</td><td>Capital Adequacy Framework, 2007 (Updated July 2008) बमोजिम**</td></tr>
</table>
* आर्थिक वर्ष २०७७/७८ देखि राष्ट्रियस्तरका विकास बैंकहरुले समानान्तर रुपमा Capital Adequacy Framework, 2015 बमोजिम न्यूनतम पुँजीकोष अनुपात कायम गर्नु पर्नेछ ।<br>
** वाणिज्य बैंकहरुले Capital Adequacy Framework 2015 मा व्यवस्था भएबमोजिमको Countercyclical Buffer कायम गर्नु पर्ने व्यवस्थालाई आ.व. २०७८/७९ सम्मको लागि स्थगन गरिएको छ ।
</td>
<td>
१. कायम गर्नु पर्ने न्यूनतम पुँजीकोष<br>
इजाजतपत्रप्राप्त संस्थाले देहायबमोजिमको व्यवस्थानुसार न्यूनतम पुँजीकोष अनुपात कायम गर्नु पर्नेछ ।
<table>
<tr><th>संस्था</th><th>न्यूनतम प्राथमिक पुँजी तथा पुँजीकोष कायम गर्नु पर्ने व्यवस्था</th></tr>
<tr><td>“क” वर्ग</td><td>Capital Adequacy Framework, 2015 बमोजिम*</td></tr>
<tr><td>“ख”** र “ग” वर्ग</td><td>Capital Adequacy Framework, 2007 (Updated July 2008) बमोजिम</td></tr>
</table>
* वाणिज्य बैंकहरुले आ.व २०८०/८१ देखि Capital Adequacy Framework 2015 मा व्यवस्था भएबमोजिमको Countercyclical Buffer कायम गर्नु पर्नेछ ।<br>
**आर्थिक वर्ष २०७७/७८ देखि राष्ट्रियस्तरका विकास बैंकहरुले समानान्तर रुपमा Capital Adequacy Framework, 2015 बमोजिम न्यूनतम पुँजीकोष अनुपात कायम गर्नु पर्नेछ ।
</td>
</tr>
</table>

| | | |
|---|---|---|
| २. ई.प्रा .निर्देशन नं. २ को बुँदा नं.७ को उप बुँदा ख हटाउने । | ख) कोभिड-१९ को कारणले विगतमा कायम गरिएको ग्रेस अवधि भित्र उद्योग वा परियोजनाको निर्माण सम्पन्न/संचालन हुन नसकेको अवस्थामा निर्माण सम्पन्न हुन/संचालनमा आउन लाग्ने थप समय यकिन गरी ग्राहकको अनुरोधमा बैंक तथा वित्तीय संस्थाले एक पटकका लागि २०७७ असोज मसान्तसम्ममा देहायबमोजिम ग्रेस अवधि थप गर्न सक्नेछन् ।<br>अ. कोभिड-१९ बाट अति प्रभावित क्षेत्रमा प्रवाहित कर्जालाई १ वर्ष, मध्यम प्रभावित क्षेत्रमा प्रवाहित कर्जालाई ९ महिना तथा न्यून प्रभावित क्षेत्रमा प्रवाहित कर्जालाई ६ महिनासम्मका लागि ग्रेस अवधि थप गर्न सकिनेछ ।<br>तर, सम्बन्धित निकायबाट स्वीकृतिप्राप्त पर्यटकस्तरीय होटलको हकमा अधिकतम २ वर्षसम्मका लागि ग्रेस अवधि थप गर्न सकिनेछ ।<br>आ. यसरी ग्रेस अवधि थप गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्थाले कार्यविधि बनाई संचालक समितिबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ र ग्रेस अवधि थप गरिएका कर्जाहरुको मासिक विवरण यस बैंकमा पेश गर्नु पर्नेछ ।<br>इ. यसरी थप भएको ग्रेस अवधिको ब्याजलाई पुँजीकरण नगरी ग्रेस अवधि भित्र कम्तीमा ३ किस्तामा भुक्तानी हुने गरी असुलीको व्यवस्था गर्नु पर्नेछ र तोकिएको तालिकाबमोजिम भुक्तानी गर्ने ऋणीसँग कुनै किसिमको पेनाल ब्याज/ शुल्क/हर्जाना/ब्याजको ब्याज (Interest on interest) लिन पाइने छैन । | हटाउने |

| | | |
|---|---|---|
| ३. ई.प्रा .निर्देशन नं. २ को बुँदा नं.८ को उप बुँदा ४ हटाउने । | (४) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट प्रवाह गरिएका कर्जा मध्ये कोभिड-१९ बाट अति तथा मध्यम प्रभावित क्षेत्रमा प्रदान गरिएको कर्जाको हकमा ऋणीको परियोजना वा व्यवसायमा परेको प्रभाव तथा वित्तीय अवस्थाको मूल्याङकन गरी ऋणीको लिखित कार्ययोजना अनुसार भविष्यमा उद्योग व्यवसाय सञ्चालनमा आई ऋण चुक्ता हुन सक्नेमा बैक तथा वित्तीय संस्था आश्वस्त भएमा सम्बन्धित ऋणीको अनुरोधमा एक पटकको लागि ऋणीले बुझाउनुपर्ने ब्याजको १० प्रतिशत रकम असूल उपर गरी देहायका शर्तहरुको अधीनमा रही कर्जाको पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सकिने छ ।<br><br>(१) यस्तो पुनरतालिकीकरण र/वा पुनरसंरचना २०७७ पुस मसान्त भित्र गरिसक्नु पर्नेछ ।<br><br>(२) यसरी पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्दा २०७६ पुस मसान्तमा सक्रिय कर्जाहरुको लागि न्यूनतम ५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गरी असल वर्गमा वर्गीकरण गर्न सकिनेछ ।<br><br>(३) यसरी कर्जा पुनरतालिकीकरण र/वा पुनरसंरचना गरिएका स्पष्ट आधारहरु प्रत्येक कर्जा फाइलमा संलग्न हुनु पर्नेछ ।<br><br>(४) स्पष्ट आधार बिना पुनरतालिकीकरण र/वा पुनरसंरचना गरिएको पाइएमा इ.प्रा. निर्देशन नं. २/०७६ को बुँदा नं. ९ को उपबुँदा ४(क) अनुसार कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । | **हटाउने** |
| ४. ई.प्रा .निर्देशन नं. २ को बुँदा नं. ८ को उप बुँदा (५) को (ख) हटाउने । | (ख) बुँदा (क) बमोजिम २०७८ असार मसान्तभित्र पुनरसंरचना/ पुनरतालिकीकरण गर्न असमर्थ कोभिड-१९ बाट अति प्रभावित पर्यटन, चलचित्र, पार्टी प्यालेस, सार्वजनिक यातायात तथा शिक्षा क्षेत्रका ऋणीहरुबाट माथि उल्लिखित शर्तहरुको अधिनमा रहि बुझाउनु पर्ने ब्याजको ५ प्रतिशत रकम असूल उपर गरी २०७८ पुस मसान्तभित्र कर्जाको पुनरसंरचना/पुनरतालिकीकरण गर्न सकिने छ । | **हटाउने** |

| | | |
|---|---|---|
| ५. ई.प्रा .निर्देशन नं. २ को बुँदा नं. ९ को उप बुँदा ६ को (उ) हटाउने । | (उ) कोभिड-१९ वाट प्रभावित विभिन्न पेशामा संलग्न पेशागत व्यवसायीहरुलाई प्रदान गरिने कर्जा । | **हटाउने** |
| ६. ई.प्रा .निर्देशन नं. २ को बुँदा नं. २५ को उप बुँदा (अ) मा संशोधन गर्ने । | (अ) बैंक तथा वित्तीय संस्थाहरुले निश्चित प्रयोजन नखुलेका अधिविकर्ष कर्जा (Overdraft), धितो कर्जा (Mortgage Loan), सम्पत्ति कर्जा (Property Loan), व्यक्तिगत आवधिक कर्जा (Personal Term Loan), सेयरको धितोमा प्रदान गरिएको कर्जा लगायत जुनसुकै शीर्षकका व्यक्तिगत प्रयोजनका कर्जाहरु प्रति ग्राहक रु. ५० लाखसम्म मात्र प्रवाह गर्न सक्नेछन् । घर⁄जग्गा धितो राखी यस्तो कर्जा प्रवाह गर्दा कर्जा र सोको धितो सुरक्षणको Fair Market Value बीचको अनुपात (Loan to Value Ratio) काठमाडौं उपत्यकाभित्र बढीमा ४० प्रतिशत र अन्य स्थानको हकमा बढीमा ५० प्रतिशतसम्म मात्र कायम गर्नु पर्नेछ । | (अ) बैंक तथा वित्तीय संस्थाहरुले निश्चित प्रयोजन नखुलेका अधिविकर्ष कर्जा (Overdraft), धितो कर्जा (Mortgage Loan), सम्पत्ति कर्जा (Property Loan), व्यक्तिगत आवधिक कर्जा (Personal Term Loan), सेयरको धितोमा प्रदान गरिएको कर्जा लगायत जुनसुकै शीर्षकका व्यक्तिगत प्रयोजनका कर्जाहरु प्रति ग्राहक रु. ५० लाखसम्म मात्र प्रवाह गर्न सक्नेछन् । घर⁄जग्गा धितो राखी यस्तो **नयाँ कर्जा प्रवाह गर्दा, कर्जा थप वा कर्जा नवीकरण गर्दा** कर्जा र सोको धितो सुरक्षणको Fair Market Value बीचको अनुपात (Loan to Value Ratio) काठमाडौं उपत्यकाभित्र बढीमा **३० प्रतिशत** र अन्य स्थानको हकमा बढीमा **४० प्रतिशतसम्म** मात्र कायम गर्नु पर्नेछ । |

| | | |
|---|---|---|
| ७. ई.प्रा .निर्देशन नं. २ को बुँदा नं. ३६ को उप बुँदा ६ तथा ७ हटाउने । | (६) कोभिड-१९ बाट प्रभावित उद्योग व्यवसायलाई सुचारु गर्न सहजीकरण गर्ने प्रयोजनको लागि ऋणीको आवश्यकता र उद्योग/ व्यवसायको सम्भाव्यताको विश्लेषण गरी २०७६ चैत मसान्तमा कायम कर्जाको सीमामा एक पटकको लागि चालु पुँजी कर्जा उपयोग गरेका ऋणीको हकमा चालु पुँजी कर्जाको अधिकतम २० प्रतिशतसम्म र चालु पुँजी कर्जा उपयोग नगरेका ऋणीको हकमा आवधिक कर्जाको अधिकतम १० प्रतिशतसम्म थप कर्जा प्रवाह गर्न सकिनेछ ।<br>(क) यस्तो थप कर्जा प्रदान गर्दा Debt Equity Ratio र एकल ग्राहक कर्जा सीमा कायम गर्न २०७८ असार मसान्तसम्म अनिवार्य हुने छैन ।<br>(ख) यस्तो थप कर्जा उत्पादनलाई निरन्तरता दिने, कच्चा पदार्थ खरीद गर्ने, कर्मचारी/कामदारको पारिश्रमिक भुक्तानी गर्ने जस्ता कार्यको लागि मात्र प्रवाह गर्न सकिनेछ । यस्तो कर्जाबाट बैंक तथा वित्तीय संस्थाले बक्यौता साँवा तथा ब्याज असूल गर्न पाउने छैनन् ।<br>(ग) यस्तो कर्जा ऋणीले अन्य प्रयोजनको लागि प्रयोग गर्न पाउने छैनन् ।<br>तर, कोभिड-१९ बाट प्रभावित उद्योग व्यवसायको पुनरुत्थानको आवश्यकता, धितोको पर्याप्तता, कर्जा जोखिम व्यवस्थापन तथा ऋणीको Business Proposal आदिको विश्लेषण गरी तोकिएको प्रतिशतभन्दा बढी थप कर्जा प्रवाह गर्न सकिने अवस्था भएमा सो कर्जा प्रदान गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।<br>(७) कोभिड-१९ बाट अति प्रभावित सार्वजनिक यातायात व्यवसायीलाई सवारी साधन संचालन तथा मर्मत सम्भारको लागि बैंक तथा वित्तीय संस्थाले प्रति सवारी साधन रु २ लाखसम्म थप कर्जा प्रदान गर्न सक्ने छन् । यस्तो थप कर्जाका लागि Debt to Equity Ratio र एकल ग्राहक कर्जा सीमा कायम गर्न २०७९ असार मसान्तसम्म अनिवार्य हुने छैन । | हटाउने । |

| | | |
|---|---|---|
| ८. ई.प्रा .निर्देशन नं. २ को बुँदा नं. ३८ को उप बुँदा २ मा संशेधन गर्ने । | (२) इजाजतपत्रप्राप्त संस्थाले रु. १ करोड सम्मको कृषि, हस्तकला तथा सीपमूलक व्यावसाय एवम् उद्यम व्यवसाय (आयात सम्बन्धी व्यावसाय वाहेक) सञ्चालनका लागि कर्जा प्रवाह गर्दा आधार दरमा २ प्रतिशतसम्ममात्र थप गरी ऋणको ब्याज तोक्नु पर्नेछ । रु २० लाख सम्मका यस्ता कर्जा प्रवाह गर्दा मोटर बाटो नभएको खेतीयोग्य जमिनलाई पनि बैंक तथा वित्तीय संस्थाले धितोको रुपमा स्वीकार गर्न सक्नेछन् र प्रत्येक शाखाले यसप्रकारको कर्जासम्बन्धी निवेदन प्राप्त भएको सात कार्य दिनभित्र स्वीकृत गर्नुपर्ने र स्वीकृत हुन नसक्ने भएमा सोको स्पष्ट कारण समेत उल्लेख गरी सम्बन्धित ग्राहकलाई लिखित रुपमा दिनुपर्ने छ । | (२) **इजाजतपत्रप्राप्त संस्थाले रु. २ करोड सम्मको खाद्यान्न उत्पादन, पशुपंक्षी, मत्स्यपालन, निर्यातजन्य उद्योग, शतप्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग, हस्तकला तथा सीपमूलक व्यवसाय एवम् उद्यम व्यवसाय (आयातसम्बन्धी व्यवसाय वाहेक) सञ्चालनका लागि कर्जा प्रवाह गर्दा आधार दरमा २ प्रतिशतसम्म मात्र थप गरी ऋणको ब्याज तोक्नु पर्नेछ ।** रु २० लाख सम्मका यस्ता कर्जा प्रवाह गर्दा मोटर बाटो नभएको खेतीयोग्य जमिनलाई पनि बैंक तथा वित्तीय संस्थाले धितोको रुपमा स्वीकार गर्न सक्नेछन् र प्रत्येक शाखाले यसप्रकारको कर्जासम्बन्धी निवेदन प्राप्त भएको सात कार्य दिनभित्र स्वीकृत गर्नुपर्ने र स्वीकृत हुन नसक्ने भएमा सोको स्पष्ट कारण समेत उल्लेख गरी सम्बन्धित ग्राहकलाई लिखित रुपमा दिनुपर्ने छ । |
| ९. ई.प्रा .निर्देशन नं. २ को बुँदा नं. ३८ को उप बुँदा ९ मा थप गर्ने । | हाल नभएको । | **निजी क्षेत्रलाई सूचना प्रविधि पार्क तथा औद्योगिक पार्क निर्माण गर्न कर्जा प्रवाह गर्दा आधार दरमा अधिकतम २ प्रतिशत बिन्दुसम्म प्रिमियम थप गरी ब्याजदर निर्धारण गर्नु पर्नेछ ।** |

## इजाजतपत्रप्राप्त क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा

| | | |
|---|---|---|
| १०. इ.प्रा.निर्देशन नं. २ को बुँदा नं.४४ मा संशेधन गर्ने । | भुक्तानी अवधि थप गर्ने सम्बन्धमा<br><br>(१) कोभिड-१९ बाट न्यून प्रभावित, मध्यम प्रभावित तथा अति प्रभावित क्षेत्रमा प्रवाहित कर्जाको साँवा तथा ब्याज रकमलाई कुनै किसिमको थप पेनाल ब्याज/ शुल्क/हर्जाना/ब्याजको ब्याज (Interest on interest) नलिई देहाय अनुसार समय थप (Time Extension) गर्न सकिनेछ :<br><br>अ. न्यून प्रभावित<br>कोभिड-१९ बाट न्यून प्रभावित क्षेत्रमा प्रवाह भएका सक्रिय कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज रकमलाई २०७७ पुस मसान्तसम्ममा भुक्तानी गर्न ।<br><br>आ. मध्यम प्रभावित<br>कोभिड-१९ बाट मध्यम प्रभावित क्षेत्रमा प्रवाह भएका सक्रिय कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज रकमलाई २०७७ चैत मसान्तसम्ममा भुक्तानी गर्न ।<br><br>इ. अति प्रभावित<br>कोभिड-१९ वाट अति प्रभावित क्षेत्रमा प्रवाह भएका सक्रिय कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज रकमलाई २०७८ असार मसान्तसम्ममा भुक्तानी गर्न ।<br><br>तर, कोभिड-१९ को कारण पुनर्स्थापित हुन समय लाग्ने पर्यटन क्षेत्र लगायतका अति प्रभावित उद्योग व्यवसायमा प्रवाह भएका सक्रिय कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज रकमको भुक्तानीका लागि २ वर्षसम्मको समय प्रदान गर्न यस व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन ।<br><br>२. उपबुँदा नं.१ को खण्ड (अ), (आ) र (इ) बमोजिम भुक्तानी अवधि थप गरिएका कर्जाको २०७७ असार मसान्तसम्मको भुक्तानी हुन बाँकी साँवा र ब्याज रकमलाई भुक्तानी अवधि थप भएको समयावधिभित्र समानुपातिकरुपमा कम्तिमा क्रमशः २ किस्ता, ३ किस्ता र ४ किस्तामा असुल गर्ने व्यवस्था मिलाउनु पर्नेछ । तोकिएको भुक्तानी तालिकाबमोजिम भुक्तानी गर्ने ऋणीबाट कुनै पनि किसिमको पेनाल ब्याज/शुल्क/हर्जाना/ब्याजको ब्याज (Interest on interest) लिन पाइने छैन । | **हटाउने ।** |

| | | |
|---|---|---|
| | ३. कोभिड १९ महामारीको समयमा पुनरुत्थानको लागि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएका थप कर्जा (चालुपुँजीको २० प्रतिशत र आवधिक कर्जाको १० प्रतिशत) निर्धारित अवधिमा भुक्तानी हुन नसकेको अवस्थामा ५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गरी सो कर्जाको भुक्तानी अवधि बढीमा १ वर्ष सम्म थप गर्न सकिनेछ।<br>४. कोभिड-१९ बाट अति प्रभावित क्षेत्रहरु मध्ये रेष्टुरेण्ट, पार्टी प्यालेस, सार्वजनिक यातायात, शिक्षण संस्था र मनोरञ्जन व्यवसाय तथा नगद प्रबाह अबरुद्ध भएका लघु, घरेलु, साना तथा मझौला व्यवसायीलाई परेको कोभिड-१९ को असर मूल्याङ्कन गरी त्यस्ता ऋणीहरुले २०७८ पुस मसान्तसम्म भुक्तान गर्नुपर्ने साँवा तथा ब्याज दायित्वलाई एक वर्ष सम्म म्याद थप गरी कम्तीमा चार किस्तामा असुली गर्ने व्यवस्था मिलाउनु पर्नेछ। यस्तो ब्याजलाई पुँजीकरण गर्न नपाइने तथा पेनाल ब्याज नलाग्ने व्यवस्था मिलाउनु पर्नेछ।<br>५. कोभिड-१९ बाट अति प्रभावित क्षेत्रहरु मध्ये होटल, ट्राभल, ट्रेकिङ्ग र हवाई सेवा जस्ता बाह्य पर्यटकमा निर्भर रहनुपर्ने व्यवसायीलाई परेको कोभिड-१९ को असर मूल्याङ्कन गरी २०७९ असार मसान्त सम्म भुक्तान गर्नुपर्ने साँवा तथा ब्याज दायित्वलाई छुट्टै हिसाब राखी दुई वर्ष सम्ममा कम्तीमा चार किस्तामा असुली गर्ने व्यवस्था मिलाउनु पर्नेछ। यस्तो ब्याजलाई पुँजीकरण गर्न नपाइने र थप हर्जाना तथा पेनाल ब्याज नलाग्ने व्यवस्था मिलाउनु पर्नेछ।<br><br>६. कोभिड-१९ को जोखिम न्यूनीकरणका लागि जारी भएको निषेधाज्ञालाई मध्यनजर गरी ऋणीहरुले २०७८ असारसम्म भुक्तानी गर्नु पर्ने इएमआई/इक्यूआई वा अन्य साँवा ब्याज निषेधाज्ञाको कारणले भुक्तानी गर्न नसकेको अवस्थामा ऋणीको वित्तीय स्थिति मूल्याङ्कन गरी २०७८ पुस मसान्तसम्म भुक्तानी म्याद थप गर्न सक्नेछन्। | |

## इजाजतपत्रप्राप्त क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा

| | | |
|---|---|---|
| ११. इ.प्रा.निर्देशन नं. २ को बुँदा नं.४५ हटाउने । | ४५. कोभिड-१९ प्रभावित व्यवसायको Business model, वा business idea परिवर्तन :<br><br>इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट प्रवाह गरिएका कर्जा मध्ये कोभिड-१९ बाट प्रभावित लघु, घरेलु, साना तथा मझौला व्यवसायीको कर्जाको हकमा ऋणीको परियोजना वा व्यवसायमा परेको प्रभाव तथा वित्तीय अवस्थाको मूल्याङ्कन गरी ऋणीको लिखित Business Proposal को आधारमा परियोजनाको प्रकृति, उद्देश्य, Business Model, वा Business Idea परिवर्तन गरी फरक ढंगले व्यवसाय सञ्चालन गर्न चाहेमा भविष्यमा उद्योग व्यवसाय सञ्चालनमा आई ऋण चुक्ता हुन सक्नेमा बैक तथा वित्तीय संस्था आश्वस्त भएमा सम्बन्धित ऋणीको अनुरोधमा एक पटकको लागि २०७८ चैतभित्र व्यवसाय परिवर्तन गर्न सकिनेछ ।<br><br>(क) यस किसिमको परिवर्तनलाई कर्जाको दुरुपयोग, पुनरसंरचना वा पुनरतालिकीकरण मानिने छैन ।<br><br>(ख) यस किसिमको परिवर्तनको क्रममा ब्याज पुँजीकरण गर्न पाइने छैन। | हटाउने |

**इजाजतपत्रप्राप्त क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा**

| | | |
|---|---|---|
| १२. ई.प्रा.निर्देशन नं. ३ को बुँदा नं. ३ मा संशोधन गर्ने । | ३.मार्जिन प्रकृतिको शेयर धितो कर्जाको एकल ग्राहक कर्जा सीमा (Single Obligor Limit) :<br>मार्जिन प्रकृतिको शेयर धितो कर्जाको एकल ग्राहक कर्जा सीमा(Single Obligor Limit) एउटा इजाजतपत्र प्राप्त संस्थाबाट अधिकतम रु. ४ करोड र सबै इजाजतपत्र संस्थाबाट अधिकतम रु. १२ करोड कायम गरिएको छ ।<br>यो निर्देशन जारी हुनु पूर्व (मिति २०७८।०५।०८) कुनै ऋणीलाई सीमाभन्दा बढी कर्जा प्रवाह भएको भए त्यस्तो कर्जालाई क्रमिक रुपले घटाउँदै लगी कर्जाको भुक्तानी अवधि वा आगामी एक वर्ष मध्ये जुन पहिले हुन्छ सो अवधि भित्र नियमित गरिसक्नु पर्नेछ । | ३.मार्जिन प्रकृतिको शेयर धितो कर्जाको एकल ग्राहक कर्जा सीमा (Single Obligor Limit) :<br>**कुनै एक वा सबै इजाजतपत्रप्राप्त संस्थाहरुबाट शेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको अधिकतम एकल ग्राहक कर्जा सीमा (Single Obligor Limit) कुल रु. १२ करोड कायम गरिएको छ ।**<br>मिति २०७८।०५।०८ पूर्व कुनै ऋणीलाई सीमाभन्दा बढी कर्जा प्रवाह भएको भए त्यस्तो कर्जालाई क्रमिक रुपले घटाउँदै लगी कर्जाको भुक्तानी अवधि **वा सो मितिबाट** एक वर्ष मध्ये जुन पहिले हुन्छ सो अवधि भित्र नियमित गरिसक्नु पर्नेछ ।<br>**यस्तो कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह वा नवीकरण गर्दा उक्त सीमा ननाघेको यकिन गरेर मात्र कर्जा प्रवाह/नवीकरण गर्नु पर्नेछ । तोकिएको सीमा नाघी कर्जा प्रवाह वा नवीकरण गरेमा बैंक तथा वित्तीय संस्थाले उक्त कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।** |

# इजाजतपत्रप्राप्त क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा

<table>
<tr>
<td>१३. इ.प्रा .निर्देशन नं. ३/०७८ को बुँदा नं.४ को उपबुँदा (ख) मा संशोधन गर्ने ।</td>
<td>देहायका कर्जा सापट वा सुविधाको हकमा बुँदा नं. १ मा उल्लेख गरिएको सीमा लागू हुने छैन :-<br>(ख) कर्जासँग सम्बन्धित जोखिमबाट सुरक्षित हुने पर्याप्त व्यवस्था गरी देहायका संस्थाहरुलाई देहाय बमोजिमका वस्तुहरु खरिद तथा आयात गर्न “क” वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुबाट प्रदान गरिने कर्जा सापट तथा सुविधाहरु
<table>
<tr><td>क्र.सं.</td><td>संस्था</td><td>वस्तु</td></tr>
<tr><td>(१)</td><td>नेपाल आयल निगम लि.</td><td>ग्याँस तथा पेट्रोलियम पदार्थ</td></tr>
<tr><td>(२)</td><td>नेपाल खाद्य संस्थान</td><td>खाद्यान्न</td></tr>
<tr><td>(३)</td><td>कृषि सामग्री कम्पनी लि.</td><td>कृषि रासायनिक मल</td></tr>
</table>
</td>
<td>देहायका कर्जा सापट वा सुविधाको हकमा बुँदा नं. १ मा उल्लेख गरिएको सीमा लागू हुने छैन :-<br>(ख) कर्जासँग सम्बन्धित जोखिमबाट सुरक्षित हुने पर्याप्त व्यवस्था गरी देहायका संस्थाहरुलाई देहाय बमोजिमका वस्तुहरु खरिद तथा आयात गर्न “क” वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुबाट प्रदान गरिने कर्जा सापट तथा सुविधाहरु
<table>
<tr><td>क्र.सं.</td><td>संस्था</td><td>वस्तु</td></tr>
<tr><td>(१)</td><td>नेपाल आयल निगम लि.</td><td>ग्याँस तथा पेट्रोलियम पदार्थ</td></tr>
<tr><td>(२)</td><td>नेपाल खाद्य संस्थान</td><td>खाद्यान्न</td></tr>
<tr><td>(३)</td><td>कृषि सामग्री कम्पनी लि.</td><td>कृषि रासायनिक मल</td></tr>
<tr><td>(४)</td><td>साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड</td><td>कृषि रासायनिक मल</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>१४. ई.प्रा .निर्देशन नं. ५ को बुँदा नं. ६ को उप बुँदा ६ को (क) मा संशोधन गर्ने ।</td>
<td>(क) यस प्रयोजनको लागि पूँजी कोष र पुँजी कोषको अङ्गको रुपमा रहेका ऋणपत्र वाहेकका ऋणपत्र, १ वर्ष वा सोभन्दा बढी अवधिको विदेशी मुद्रामा लिएको ऋण तथा यस बैंकबाट प्रदान गरिएको पुनरकर्जा रकमलाई निक्षेपको रुपमा गणना गर्न सकिनेछ । ऋणपत्र पुँजीकोषको अंगको रुपमा रहने वा नरहने सम्बन्धमा इजाजतपत्र प्राप्त संस्थाले ऋणपत्र जारी गर्दाकै बखत तोक्नु पर्नेछ । यो निर्देशन जारी हुनुपूर्व जारी भएका ऋणपत्रको हकमा इजाजतपत्र प्राप्त संस्थाले २०७९ असार मसान्त सम्मको लागि निक्षेपको रुपमा समेत गणना गर्न सक्नेछन् ।</td>
<td>(क) यस प्रयोजनको लागि पूँजी कोष र पुँजी कोषको अङ्गको रुपमा रहेका ऋणपत्र वाहेकका ऋणपत्र, १ वर्ष वा सोभन्दा बढी अवधिको विदेशी मुद्रामा लिएको ऋण तथा यस बैंकबाट प्रदान गरिएको पुनरकर्जा रकमलाई निक्षेपको रुपमा गणना गर्न सकिनेछ । ऋणपत्र पुँजीकोषको अंगको रुपमा रहने वा नरहने सम्बन्धमा इजाजतपत्र प्राप्त संस्थाले ऋणपत्र जारी गर्दाकै बखत तोक्नु पर्नेछ । मिति २०७८/०५/०८ पूर्व जारी भएका ऋणपत्रको हकमा इजाजतपत्रप्राप्त संस्थाले २०८० असार मसान्त सम्मको लागि निक्षेपको रुपमा समेत गणना गर्न सक्नेछन् ।</td>
</tr>
</table>

## इजाजतपत्रप्राप्त क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा

| | | |
|---|---|---|
| १५. ई.प्रा.निर्देशन नं. ६ को बुँदा नं. ६ को उप बुँदा ६ को (ज) मा संशोधन गर्ने तथा बुँदा (झ) थप गरी त्रमसंख्या मिलान गर्ने । | (ज) बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो संस्थामा कार्यरत सहायक स्तरदेखि अधिकृत स्तरसम्मका कर्मचारीलाई बैंकिङ्ग सम्बन्धी तालिम अनिवार्य रुपमा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ । बैंक तथा वित्तीय संस्थाले बैंकिङ्ग क्षेत्रमा दक्ष जनशक्तिको विकास गर्नका लागि आफ्नो संस्थामा नयाँ भर्ना भएका कर्मचारीलाई बैंक प्रवेश गरेको २ वर्षभित्र यस प्रकारको तालिम प्रदान गरी सक्नु पर्नेछ । | ज) बैंक तथा वित्तीय संस्थाले **कर्मचारीलाई कार्यक्षेत्रसँग सम्बन्धित तालिम प्रत्येक २ वर्षमा कम्तिमा एक पटक र ट्रेड फाइनान्स तथा कर्जा सम्बन्धी कार्य गर्ने कर्मचारीलाई विशिष्टिकृत तालिम प्रत्येक वर्ष प्रदान गर्नु पर्नेछ ।** बैंक तथा वित्तीय संस्थाले बैंकिङ्ग क्षेत्रमा दक्ष जनशक्तिको विकास गर्नका लागि **नयाँ भर्ना भएका कर्मचारीहरुलाई बैंक प्रवेश गरेको १ महिनाभित्र कम्तिमा दुई हप्ताको अभिमुखीकरण तालिम प्रदान गर्नुपर्नेछ ।**<br>**(झ) बैंक तथा वित्तीय संस्थाले कर्मचारीलाई प्रदान गरेको तालिमको शिर्षक, मिति, अवधि, तालिम प्राप्त गर्ने कर्मचारीको नामावली लगायतका विवरण संस्थाको वेबसाइटमा अर्धवार्षिक रुपमा अद्यावधिक गर्नु पर्नेछ ।** |
| १६. इ.प्रा.निर्देशन नं. ६/०७८ को बुँदा ७(५) मा खण्ड (ड) थप गर्ने । | हाल नभएको । | सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्नका लागि संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरु जोखिमका आधारमा सम्पादन हुनेगरी संचालक समितिबाट वार्षिक वजेट तथा कार्यक्रम तय गर्नुपर्नेछ । सोको प्रभावकारी कार्यान्वयन भए/नभएको सुनिश्चित गर्ने संयन्त्र तयार गर्ने तथा नियमित अनुगमन गर्ने जिम्मेवारी समितिको हुनेछ । |
| १७. ई.प्रा.निर्देशन नं. १२ को बुँदा नं. ४ को उप बुँदा १ को प्रतिवन्धात्मक वाक्यांस हटाउने । | तर, कोभिड-१९ बाट प्रभावित ऋणीको हकमा इ.प्रा.निर्देशन नं. २१ को बुँदा ४७ अनुसार ६ महिना वा सो भन्दा कम अवधिको ब्याज बक्यौता रहेको अवस्थामा कालोसूचीमा समावेश गर्ने प्रक्रिया २०७८ असार मसान्तसम्मका लागि स्थगन गर्नु पर्नेछ । | हटाउने । |

**इजाजतपत्रप्राप्त क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा**

| | | |
|---|---|---|
| १८. इ.प्रा.निर्देशन नं. १३ को बुँदा नं.१ मा संशोधन गर्ने । | १. अनिवार्य मौज्दात सम्बन्धी व्यवस्था<br>(१) यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका संस्थाले कुल निक्षेप दायित्वको ३ (तीन) प्रतिशत) अनिवार्य मौज्दात वापत यस बैंकमा राख्नु पर्नेछ । यस व्यवस्था बमोजिम कायम गर्नु पर्ने अनिवार्य नगद मौज्दातको न्यूनतम ७० प्रतिशत रकम दैनिक रुपमा यस बैंकमा राख्नु पर्ने छ । | १. अनिवार्य नगद मौज्दात सम्बन्धी व्यवस्था<br>(१) यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका संस्थाले **२०७९/०५/१२ देखि कुल निक्षेप दायित्वको ४ (चार) प्रतिशत** अनिवार्य नगद मौज्दातवापत यस बैंकमा राख्नु पर्नेछ । यस व्यवस्थाबमोजिम कायम गर्नु पर्ने अनिवार्य नगद मौज्दातको न्यूनतम ७० प्रतिशत रकम दैनिक रुपमा यस बैंकमा राख्नु पर्नेछ । |
| १९. इ.प्रा.निर्देशन नं. १३ को बुँदा नं.३ को पहिलो हरफमा संशोधन गर्ने । | **३.** वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) सम्बन्धी व्यवस्था<br>इजाजतपत्रप्राप्त "क" वर्गका बैंकले कुल स्वदेशी निक्षेपको १० प्रतिशत, "ख" वर्गका विकास बैंकले ८ प्रतिशत र "ग" वर्गका वित्त कम्पनीले ७ प्रतिशत वैधानिक तरलता अनुपात कायम गर्नु पर्नेछ । | **३.** वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) सम्बन्धी व्यवस्था<br>**२०७९ पुस मसान्तदेखि** इजाजतपत्रप्राप्त "क" वर्गका बैंकले कुल स्वदेशी निक्षेपको **१२ प्रतिशत**, "ख" वर्गका विकास बैंक र "ग" वर्गका वित्त कम्पनीले **१० प्रतिशत** वैधानिक तरलता अनुपात कायम गर्नु पर्नेछ । |
| २०. ई.प्रा.निर्देशन नं. १५ को बुँदा नं.१ मा संशोधन गर्ने । | (१) निक्षेपमा दिने ब्याजदर मासिक रुपमा मात्र परिवर्तन गर्न सकिनेछ । आगामी महिनाको लागि निक्षेपमा लागु हुने ब्याजदरसम्बन्धी सूचना नेपाली महिना शुरु हुनु पूर्व प्रकाशित गरिसक्नुपर्ने छ । | (१) निक्षेपमा दिने ब्याजदर मासिक रुपमा मात्र परिवर्तन गर्न सकिनेछ । आगामी महिनाको लागि निक्षेपमा (**स्वदेशी तथा विदेशी मुद्रा**) लागु हुने ब्याजदरसम्बन्धी सूचना नेपाली महिना शुरु हुनु पूर्व प्रकाशित गरिसक्नुपर्ने छ । **तर, नेपाल राष्ट्र बैंकले तय गर्ने बैंक दर तथा नीतिगत दर परिवर्तन भएमा तत्काल ब्याजदर परिवर्तन गरी प्रकाशन गर्न सकिनेछ ।** |
| २१. ई.प्रा.निर्देशन नं. १५ को बुँदा नं.१ को उप बुँदा नं. ३ मा संशोधन गर्ने । | (३) संस्थागत मुद्दती निक्षेप (बोलकबोलसमेत) मा प्रदान गरिने अधिकतम ब्याजदर सर्वसाधारणलाई मुद्दती निक्षेपमा प्रदान गरिने अधिकतम ब्याजदरभन्दा कम्तीमा एक प्रतिशत बिन्दुले कम हुनुपर्नेछ । | (३) संस्थागत मुद्दती निक्षेप (बोलकबोलसमेत) मा प्रदान गरिने अधिकतम ब्याजदर सर्वसाधारणलाई मुद्दती निक्षेपमा प्रदान गरिने अधिकतम ब्याजदरभन्दा कम्तीमा **दुई प्रतिशत** बिन्दुले कम हुनुपर्नेछ । |

## इजाजतपत्रप्राप्त क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा

| | | |
|---|---|---|
| २२. ई.प्रा.निर्देशन नं. १५ को बुँदा नं.१ को उप बुँदा नं. ९ मा संशोधन गर्ने । | (९) बोलकवोल (Bidding) को आधारमा संकलन हुने मुद्दती निक्षेपको हकमा प्रकाशित ब्याजदरमा नबढ्ने गरी निक्षेप संकलन गर्नु पर्नेछ । तर, आफुसंगै रहेको निक्षेपलाई पून:बोलकबोल गरी नवीकरण गर्नु परेमा प्रकाशित ब्याजदरमा ०.१ प्रतिशत बिन्दू सम्म थप गरी निक्षेप संकलन गर्न सकिनेछ । | (९) बोलकवोल (Bidding) को आधारमा संकलन हुने मुद्दती निक्षेप (**स्वदेशी तथा विदेशी मुद्रा**) को हकमा प्रकाशित ब्याजदरमा **०.५ प्रतिशत बिन्दु भन्दा बढी नहुने** गरी निक्षेप संकलन गर्नु पर्नेछ । |
| २३. ई.प्रा.निर्देशन नं. १५ को बुँदा नं. ३ को उप बुँदा २ को प्रतिनन्धात्मक वाक्यांस हटाउने । | तर, कोभिड-१९ संक्रमण न्यूनीकरणका लागि जारी भएको निषेधाज्ञा अवधिभर र सो अवधि समाप्त भएको ७ दिनसम्म बैंक तथा वित्तीय संस्थाहरुले ग्राहकबाट कर्जा असुलीमा कुनैपनि प्रकारको पेनाल्टी वा अतिरिक्त शुल्क लिन पाइने छैन । | **तर, बैंक तथा वित्तीय संस्थाबाट अधिकतम रु.५ करोडसम्म कर्जा उपयोग गरेका उद्यम व्यवसायहरुले २०७९ असार मसान्तसम्म तिर्नुपर्ने कर्जाको साँवा तथा ब्याज २०७९ असोज मसान्तसम्म भुक्तानी गरेमा थप हर्जाना तथा पेनाल ब्याज नलाग्ने व्यवस्था मिलाउनु पर्नेछ ।** |
| २४. ई.प्रा.निर्देशन नं. १५ को बुँदा नं. ३ को उप बुँदा १५ मा थप गर्ने । | हाल नभएको । | **बैंक तथा वित्तीय संस्थाले लघुवित्त वित्तीय संस्थालाई विपन्न वर्ग कर्जा अन्तर्गत थोक कर्जा प्रवाह गर्दा आधार दरमा २ प्रतिशत बिन्दुसम्म मात्र प्रिमियम थप गरी ब्याजदर निर्धारण गर्नुपर्नेछ ।** |
| २५. ई.प्रा.निर्देशन नं. १६ को बुँदा नं. ३ को उप बुँदा २ को दोस्रो हरफमा संशोधन । | **साथै, कोभिड-१९ बाट विकसित भएको असहज परिस्थितिलाई मध्यनजर गरी** विद्युतीय माध्यमबाट समेत ग्राहक पहिचान अद्यावधिक गरी/गराई सो को पुष्टि गर्ने व्यवस्था गरी निष्क्रिय खाता सुचारु गर्न सकिने छ । | विद्युतीय माध्यमबाट समेत ग्राहक पहिचान अद्यावधिक गरी/गराई सोको पुष्टि गर्ने व्यवस्था गरी निष्क्रिय खाता सुचारु गर्न सकिने छ । |

| | | |
|---|---|---|
| २६. ई.प्रा.निर्देशन नं. १७ को बुँदा नं.३ को उप बुँदा (ध) हटाउने । | (ध) कोभिड-१९ को कारण पर्यटन क्षेत्रमा रोजगारी गुमाएका व्यक्ति स्वरोजगार हुनेगरी व्यवसाय सञ्चालन गर्न प्रवाह हुने रु. १५ लाखसम्मको कर्जा । | **हटाउने ।** |
| २७. ई.प्रा.निर्देशन नं. १८ को बुँदा नं.ग को उप बुँदा ७ को पहिलो हरफमा संशोधन गर्ने । | (७) आर्थिक वर्ष २०७८/७९ भित्र वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने, गाभिने तथा प्राप्ति प्रक्रियामा सहभागी भई एकीकृत कारोवार संचालन गरेमा विद्यमान व्यवस्थाको अतिरिक्त देहाय बमोजिमका थप सुबिधा तथा छुट २०८० असार मसान्तसम्म प्रदान गरिनेछ: | (७) **वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने, गाभिने तथा प्राप्ति प्रक्रियामा सहभागी भई २०७९ पुस मसान्तभित्र एकीकृत कारोवार संचालन गरेमा विद्यमान व्यवस्थाको अतिरिक्त देहाय बमोजिमका थप सुबिधा तथा छुट एकीकृत कारोबार गरेको मितिले १ वर्षसम्म प्रदान गरिनेछ :** |

## इजाजतपत्रप्राप्त क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा

| | | |
|---|---|---|
| २८. ई.प्रा .निर्देशन नं. १८ को बुँदा नं.ग को उप बुँदा नं. ९ देखि १३ सम्म संशोधन गर्ने । | (९) वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७९ असार मसान्तभित्र एकीकृत कारोबार सञ्चालन गरेमा काठमाडौं उपत्यका बाहेकका महानगरपालिका र उपमहानगरपालिकामा २०८० असार मसान्तसम्म शाखा कार्यालय खोल्न यस बैंकको स्वीकृति लिनु पर्ने छैन ।<br><br>(१०) वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७९ असार मसान्तभित्र एकीकृत कारोबार सञ्चालन गरेमा काठमाडौं उपत्यका बाहिर तीन वटा शाखा खोली सञ्चालनमा ल्याए पश्चात २०८० असारमसान्तसम्म काठमाडौं उपत्यकामा एक शाखा खोल्न यस बैंकको स्वीकृति लिनु पर्ने छैन ।<br><br>(११) २०७९ असार मसान्त भित्र गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रिया सम्पन्न गरी एकीकृत कारोबार गर्ने गरी दुई वा दुईभन्दा बढी वाणिज्य बैंकहरु एकापसमा गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रियामा सहभागी भएमा एक पटकका लागि ६५ वर्ष उमेर नाघेको व्यक्ति बैंक तथा वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त/पुनः नियुक्त हुन बाधा पर्ने छैन ।<br><br>(१२) यस बैंकबाट तोकिएको कुल निक्षेपमा सरकारी संस्था एवम् संस्थानहरु, पब्लिक लिमिटेड कम्पनीहरु, बचत तथा ऋण सहकारी संस्था तथा त्यस्ता संस्था एवम् संस्थान मातहत संचालित कोषहरुको निक्षेपको अंश प्रति संस्था १० प्रतिशत बिन्दुले थप गरिनेछ ।<br><br>(१३) वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७९ असार मसान्तभित्र एकीकृत कारोबार संचालन गरेमा यस बैंकबाट तोकिएको न्यूनतम २५ प्रतिशत बराबर ऋणपत्र जारी गर्नु पर्ने समयावधि २०८० असारमसान्त सम्म थप गरिनेछ । | (९) वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई **२०७९ पुस मसान्तभित्र** एकीकृत कारोबार सञ्चालन गरेमा काठमाडौं उपत्यका बाहेकका महानगरपालिका र उपमहानगरपालिकामा **एकीकृत कारोबार गरेको मितिले १ वर्षसम्म शाखा कार्यालय खोल्न यस बैंकको स्वीकृति लिनु पर्ने छैन ।**<br><br>(१०) वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई **२०७९ पुस मसान्तभित्र** एकीकृत कारोबार सञ्चालन गरेमा काठमाडौं उपत्यका बाहिर तीन वटा शाखा खोली सञ्चालनमा ल्याए पश्चात **एकीकृत कारोबार गरेको मितिले १ वर्षसम्म** काठमाडौं उपत्यकामा एक शाखा खोल्न यस बैंकको स्वीकृति लिनु पर्ने छैन ।<br><br>(११) **२०७९ पुस मसान्त** भित्र गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रिया सम्पन्न गरी एकीकृत कारोबार गर्ने गरी दुई वा दुईभन्दा बढी वाणिज्य बैंकहरु एकापसमा गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रियामा सहभागी भएमा एक पटकका लागि ६५ वर्ष उमेर नाघेको व्यक्ति बैंक तथा वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त/पुनः नियुक्त हुन बाधा पर्ने छैन ।<br><br>**(१२) वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७९ पुस मसान्तभित्र एकीकृत कारोबार सञ्चालन गरेमा** यस बैंकबाट तोकिएको कुल निक्षेपमा सरकारी संस्था एवम् संस्थानहरु, पब्लिक लिमिटेड कम्पनीहरु, बचत तथा ऋण सहकारी संस्था तथा त्यस्ता संस्था एवम् संस्थान मातहत संचालित कोषहरुको निक्षेपको अंश प्रति संस्था १० प्रतिशत बिन्दुले थप गरिनेछ ।<br><br>**(१३)** वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न **भई २०७९ पुस मसान्तभित्र** एकीकृत कारोबार संचालन गरेमा यस बैंकबाट तोकिएको न्यूनतम २५ प्रतिशत बराबर ऋणपत्र जारी गर्नु पर्ने समयावधि **एकीकृत कारोबार गरेको मितिले १ वर्षसम्म थप गरिनेछ ।** |

| | | |
|---|---|---|
| २९. इ.प्रा.निर्देशन नं. २१ को बुँदा ७ मा संशोधन गर्ने । | ७. लाभांस वितरण सम्बन्धी व्यवस्था:<br>इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आर्थिक वर्ष २०७७/७८ को खुद वितरणयोग्य मुनाफाको ३० प्रतिशतसम्म मात्र नगद लाभांस घोषणा तथा वितरण गर्न पाउनेछन् ।<br>तर,<br>(क) यस्तो नगद लाभांश इजाजतपत्रप्राप्त संस्थाको २०७८ असार मसान्तमा कायम निक्षेपको भारित औसत ब्याजदरको प्रतिशत भन्दा बढी हुने छैन ।<br>(ख) खुद वितरणयोग्य मुनाफा कुल चुक्ता पुँजीको ५ प्रतिशतभन्दा कम भएका इजाजतपत्र प्राप्त संस्थाले कर प्रयोजनका लागि बाहेक नगद लाभांस वितरण गर्न पाउने छैनन् । | **हटाउने ।** |
| ३०. इ.प्रा.निर्देशन नं. २१ को बुँदा ८ मा संशोधन गर्ने । | बैंकदर सम्बन्धमा:<br>यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराईने कर्जाको ब्याजदर (बैंकदर) ७ प्रतिशत कायम गरिएको छ । | **बैंकदर सम्बन्धमा:**<br>यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराईने कर्जाको ब्याजदर (बैंकदर) **८.५ प्रतिशत** कायम गरिएको छ । |
| ३१. इ.प्रा.निर्देशन नं. २१ को बुँदा ११ को उपबुँदा (ख) मा संशोधन गर्ने । | (ख) ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा रहेको स्थायी तरलता सुविधा दर ७ प्रतिशत, तल्लो सीमाको रुपमा रहेको निक्षेप संकलन दर ४ प्रतिशत र नीतिगत दरको रुपमा रहेको रिपो दरलाई ५.५ प्रतिशत कायम गरिएको छ । | (ख) ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा रहेको स्थायी तरलता सुविधा दर **८.५** प्रतिशत, तल्लो सीमाको रुपमा रहेको **निक्षेप संकलन दर ५.५ प्रतिशत** र नीतिगत दरको रुपमा रहेको रिपो दरलाई **७.० प्रतिशत** कायम गरिएको छ । |

| | | |
|---|---|---|
| ३२. इ.प्रा.निर्देशन नं. २१ को बुँदा नं.४७ हटाउने । | ४७. कोभिड-१९ बाट प्रभावित ऋणीको हकमा ६ महिना भन्दा बढीको ब्याज बक्यौता नरहेको अवस्थामा धितो लिलामी प्रक्रिया २०७८ असार मसान्तसम्मका लागि स्थगन गर्नु पर्नेछ । यस प्रयोजनका लागि, कोभिड-१९ बाट प्रभावित ऋणीले आफ्नो उद्योग व्यवसाय तथा आयश्रोतबाट सम्पुर्ण किस्ता भुक्तान गर्न नसकि ब्याज बक्यौतामात्र चुक्ता गर्न चाहेमा सोको विवरण तथा विस्तृत जानकारी लिखित रुपमा माग गरी बैंक तथा वित्तीय संस्थाले किस्ताको ब्याज मात्र असूल उपर गर्ने व्यवस्था मिलाउनु पर्नेछ । | **हटाउने** |
| ३३. इ.प्रा.निर्देशन नं. २१ को बुँदा नं.४८ हटाउने । | ४८. कोभिड-१९ संक्रमण न्यूनीकरणका लागि जारी भएको निषेधाज्ञा अवधिको लागि विशेष व्यवस्था :<br>(क) निषेधाज्ञा जारी भएका स्थानका संचालनमा पूर्ण रोक लगाइएका उद्योग, पेशा, व्यवसायको सम्बन्धमा निषेधाज्ञा अवधिभर बैंक तथा वित्तीय संस्थाले कुनै पनि प्रकारको असूलीसम्बन्धी सूचना वा लिलामीसम्बन्धी सूचना जारी गर्न पाइने छैन ।<br>(ख) निषेधाज्ञा अवधिमा म्याद समाप्त भएका मुद्दति निक्षेप, जमानत तथा प्रतीतपत्र र अन्य कर्जाको हकमा सम्बन्धित ग्राहकले अनुरोध गरेमा बैंक तथा वित्तीय संस्थाले आवश्यक प्रक्रिया पूरा गरी नवीकरण गर्न सक्नेछन् ।<br>(ग) बैंक तथा वित्तीय संस्थाले निषेधाज्ञाको अवधिमा कर्जाको किस्ता वा ब्याज भुक्तानी गरी विश्वसनीयता कायम गर्नसक्ने ग्राहकलाई प्रोत्साहनस्वरुप ब्याजदर वा ब्याज रकममा छुट प्रदान गर्न सक्नेछन् । सञ्चालक समितिले यस्तो छुटसम्बन्धी व्यवस्थाको निर्णय गरी वेबसाइटमा सार्वजनिक गरी पारदर्शी ढंगले लागू गर्नुपर्नेछ । | **हटाउने** |

| | | |
|---|---|---|
| ३४. Capital Adequacy Framework 2015/2007 को 3 को 3.3 को i मा रहेको High Risk Claims मा 7 थप । | **Lending against shares shall attract risk weight of 150%** | **Lending against shares (above Rs. 2.5 million) shall attract risk weight of 150%** |
| ३५. Capital Adequacy Framework 2015/2007 को 3 को 3.3 को J मा रहेको Other Assets मा h थप । | हाल नभएको । | **Lending against bonds shall attract risk weight of 100 %.** |
| ३६. Capital Adequacy Framework 2015/2007 को 3 को 3.3 को J मा रहेको Other Assets मा i थप । | हाल नभएको | **Lending against shares (upto Rs. 2.5 million) shall attract risk weight of 100%** |